

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १५ गते शुक्रबार ❑ 1 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## जलवायु परिवर्तनका असर घटाउन नेपालले गरेका प्रयासबारे विश्वलाई जानकारी गराइने

**रासस**
काठमाडौं, १४ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु परिवर्तनका असर कम गर्न नेपालले गरेका प्रयासबारे विश्व समुदायलाई जानकारी गराउने बताउनुभएको छ।

कोप-२८ मा भाग लिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित नेपाली राजदूतावास पुग्नुभएका प्रधानमन्त्रीले त्यहाँ एकत्रित भएका नेपालीलाई सम्बोधन गर्दै जलवायु परिवर्तनका कारण नेपालजस्ता देशले भोग्नुपरेका असरका बारेमा विश्वसमुदायको ध्यानाकर्षण गराउने बताउनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ। प्रधानमन्त्रीले सम्मेलनमा याचकका रुपमा नभई अधिकार प्राप्तिका निम्ति नेपालका मुद्दा प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीले कोप-२८ मा जलवायु परिवर्तनबाट नेपाललाई परेको असर र त्यसको क्षतिपूर्ति माग गरिने तथा वित्तीय र प्राविधिक सहयोगको अधिकारबारे कुरा उठाउने बताउनुभयो । उहाँले आगामी निर्वाचनमा विश्वमा छरिएर रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था भएको जानकारी दिनुभयो । विदेशमा बसेका नेपालीले निर्वाचनमा भाग लिन नपाउँदा लोकतन्त्र बलियो नहुने भन्दै प्रधानमन्त्रीले विदेशमा रहेका नेपालीको मताधिकारका लागि सरकार गम्भीर भएको बताउनुभयो।

युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले युएई र नेपालबीच व्यापार, पर्यटन र प्रविधिमा सहकार्य अभिवृद्धिका निम्ति आफू क्रियाशील रहेको बताउदै नेपालको आर्थिक विकासमा युएईको सहयोग जुटाउन दूतावासले गरेका कामकारबाहीबारे जानकारी दिनुभएको थियो।

## कास्कीमा १ हजार ४ सय जनामा एचआईभी एड्स संक्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



शुक्रबार डिसेम्बर एक तारिख अर्थात विश्व एड्स दिवस। यस अवसरमा पोखरामा पनि विभिन्न कार्यक्रमहरुको आयोजना गरी उक्त दीवस मनाउने भएको बिहीबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं भन्ने मुल नाराका साथ यस बर्षको विश्व एड्स दिवस पोखरामा साइकल र्याली, पोखराको बसपार्क र लेकसाइडमा एचआईभि परिक्षण गरिने, एचआईभी संक्रमित बालबालिहरुलाई न्यानो कपडा वितरण गरिने भएको राष्ट्रिय एचआईभी एड्स महासंघका केन्द्रिय सदस्य मनोज गुरुङले बताउनु भयो । त्यसै गरी पोखराको पृथ्वीचोक बसपार्कमा औपचारिक समारोह तथा साँझ सांस्कृतिक कार्यक्रम हुने भएको उहाँले जनाउनु भयो। कार्यक्रममा कण्डम समेत निःशुल्क रुपमा वितरण गरिने भएको आयोजकले जनाएको छ। यसैबिच, कास्कीमा १ हजार ४ सय जनामा एचआईभि एड्स शंक्रमण रहेको सदस्य गुरुङले दाबी गर्नु भयो। उहाँका अनुसार गण्डकी प्रदेशमा २ हजार ८ सय जना एचआईभी एड्स शंक्रमित रहेका छन् । अझै पनि समाजमा एचआईभि एड्स शंक्रमितहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएकोले लान्छाना र भेदभावले गर्दा खुल्न नचाहेको उहाँको भनाई थियो।

राज्यले पछिल्लो समयमा बार्षिक रुपमा ५० करोड भन्दा बढी एचआईभि एड्स शंक्रमितहरुको क्षेत्रमा खर्च गर्दै आएको सदस्य गुरुङले जनाउनुभयो । महासंघ गण्डकीका सुपरभाइजर शान्त बहादुर रानाले समलिंगि र महिला यौनकर्मीहरुमा उच्च सावधानि अपनाउन नसक्दा एचआईभि एड्स शंक्रमित हुने जोखिम बढी हुने दाबी गर्नु भयो।

एचआईभी शंक्रमित महिलाहरुको राष्ट्रिय महासंघ कास्कीका फोकलपर्सन प्रतिक शेरचनले एचआईभि एड्स शंक्रमित भएका २० जनामा हेपटाइटिसको समेत शंक्रमण भएकोले कलेजोमा समस्या आएकोले उहाँहरुको जिवन रक्षाको लागि राज्यले उचित ढंगले औषधी व्यबस्था गर्नुपर्ने माग गर्नु भयो। पछिल्लो समयमा एआरभि र एआरटि जस्ता औषधी र सेवाको विस्तारले गर्दा एचआईभि एड्स शंक्रमित भए पनि अर्कोलाई सर्ने क्षमतामा धेरै कमी आएको उहाँले बताउनु भयो।

## पोखरामा पर्वतीय महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर

अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा पोखरामा पर्वतीय महोत्सव हुने भएको छ।

नेपाल पर्वतारोहण सङ्घको आयोजनामा मङ्सिर २२ देखि २६ गतेसम्म पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, रातोपैह्रोमा आठौँ पर्वतीय महोत्सव हुने भएको हो।

बर्सेनि गर्दै आइरहेको महोत्सवलाई यस वर्ष पनि निरन्तरता दिइएको सङ्घका महासचिव मोहन लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि तीन दिन मनाइँदै आइएको महोत्सव यस वर्ष पाँच दिनसम्म मनाइने छ। संयुक्त राष्ट्रसङ्घले डिसेम्बर ११ लाई अन्तर्राष्ट्रिय पर्वतीय दिवस मनाउँदै आएको छ । सोही दिन पारेर सङ्घले आठ वर्षदेखि निरन्तर पर्वतीय महोत्सव गर्दै आएको छ।

यस वर्षको महोत्सवमा 'बर्डस कन्जरभेसन', पर्वतारोहण र पर्वतीय जीवनबारे छ वटा वृत्तचित्र तथा फोटो प्रदर्शनी, विभिन्न खेलका प्रतिस्पर्धा हुने महासचिव लम्सालले जानकारी दिनुभयो । महोत्सवको पाँच दिन नै पर्वतारोहण र पर्वतीय जीवनबारे वृत्तचित्र प्रदर्शन गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार महोत्सवमा पासाङ, माउन्टेन म्यान, सोफी लाभाड, द सेकेन्ड समिट, अई-डेला हट्स भ्यालिस र एभरेस्ट म्यान वृत्तचित्र मञ्चन हुनेछन्।

यस वर्षको महोत्सवमा बर्डस कन्जरभेसनसँगको सहकार्यमा 'मिसअन्डरस्टुड बर्डस' नामक नाटक प्रदर्शन मुख्य आकर्षणको रूपमा रहने महासचिव लम्सालले बताउनुभयो। उहाँका अनुसार उक्त नाटक ललितपुरको परोपकारी विद्यालय चिल्ड्रेन एण्ड युथ फर्स्टका विद्यार्थीले मञ्चन गर्नेछन् । "विद्यार्थीले स्टेजमा गिद्धको भेषमा मास्क लगाई गिद्धको महत्त्व, नेपालका चरा तथा जैविक विविधतासम्बन्धी ज्ञान जनसाधारणमा पुऱ्याउनेछन्", महासचिव लम्सालले भन्नुभयो, "कार्यक्रमले जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षणबारे जानकारी दिने विश्वास लिएका छौँ।" महोत्सवमा पर्वतारोहणसम्बन्धी विभिन्न विधामा कीर्तिमान बनाएका पर्वतारोहीको फोटो प्रदर्शनीसमेत गरिने महोत्सवका सदस्यसचिव निर्मला न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष पहिलो पटक प्रतियोगितामा 'टग अफ वार' समावेश गरिएको छ।

यसबाहेक महोत्सवमा छेलो प्रतियोगिता, जिपलाइन, दोहोरी गीत पनि समावेश गरिएको उहाँको भनाइ थियो।

## जिसस कास्कीको लिजा र फ्रा सम्बन्धी अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र बित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धि एक दिने अन्तरक्रिया कार्यक्रम बिहीवार सम्पन्न भएको छ।

सो अन्तरक्रीया कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। प्रमुख पौडेलले लिजा र फ्रा ले पालिकाहरूको कार्यसम्पादनको स्तरवृद्धिमा समेत सहयोग पुर्याउने उल्लेख गर्दै बिगतको बर्षको मुल्यांकनस्तरलाई केन्द्रमा राखेर दुर्बल पक्षलाई न्यूनीकरण गर्दै सबलतातर्फ उन्मुख हुन आग्रह गर्नुभयो । सरोकारवाला सबै पक्षहरूले इमानदारीपूर्बक काम गरेमा स्वतः कमजोरीहरू हटाउन सकिने उल्लेख गर्नुभयो । शासकिय क्षमता अभिबृद्धीको मुल लक्ष्य मार्फत समृद्धि प्राप्त हुने हुदा सुसासनका लागि बित्तिय सुशासन महत्त्वपूर्ण पाटो भएको उल्लेख गर्नुभयो। जनप्रतिनिधि, राष्टसेवक,कर्मचारी र सबै सरोकारवालाहरूले समन्वयात्मक तबरले काम गरे मात्रै हामीले चाहेको बिकास

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा १६ औं हिसान कास्की स्पोर्टस मिट पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर




१६ औं हिसान कास्की स्पोर्टस मिट पोखरा रंगशालामा बिहिबारबाट सुरु भएको छ । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा उक्त प्रतियोगिता सुरु भएको हो।

यहि मसिर १७ गते सम्म्म सञ्चालन हुने १६ औ संस्करणको हिसान स्पोर्टस मिटको उद्धाटन गर्दै गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. गणेशमान गुरुङले स्वास्थ्य नागरिक उत्पादनका लागि शिक्षा संगै खेलकुदको महत्वपूर्ण भूमिका हुने बताए । पछिल्लो समयमा खेलकुदका गतिविधि बढे संगै विश्वविद्यालयले खेलकुद अध्ययन अध्यापनका लागि स्नातक तहमा खेलकुद विषयलाई प्राथमिकतामा राखेर अघि बढाएको उनले उल्लेख गरे। सो अवसरमा आफ्ना भनाई राख्दै प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले सामाजिक विकास र रुपान्तरणका लागि खेलकुदको विकास अपरिहार्य रहने बताउँदै विद्यालयस्तरका खेलकुदले नै खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान दिने बताए । हिसान कास्कीका अध्यक्ष याम बहादुर रोक्काको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा जिल्ला शिक्षा समन्वय समिति कास्कीका प्रमुख लोकनाथ आचार्य, १६ औं हिसान स्पोर्टस मिटका संयोजक डा.रामजी शर्माले शिक्षा संगै खेलकुदको विकास र खेलाडी उत्पादनका लागि स्पोर्टस मिटलाई निरन्तरता दिंदै आएको बताए । उद्धाटन कार्यक्रममा हिसान कास्कीले विभिन्न समयमा आयोजना गरेको अतिरिक्त कृयाकलापमा बिजेता विद्यालय तथा विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो भने विद्यार्थीहरुले सामुहिक नृत्य प्रस्तुत गरेका थिए । बिहिबार भएको बास्केटबल उद्धाटन खेलमा हिल पोइन्टले सोसल पब्लिक स्कुललाई २७-११ ले पराजित गरेको छ। त्यस्तै अन्य खेलमा गोर्खा वोर्डिङ स्कुलले ज्योती कुञ्जलाई ११-८ ले, बालकल्याणले डायमण्डलाई ५३-१० ले, सिर्जनाले पोखरा युनाइटेडलाई ३७-१२ ले, माउन्ट अन्नपूर्णले स्पाइरल ग्यालेक्सीलाई ६४-०५ ले र भास्करले वेलननलाई २४-१८ ले पराजित गरेको छ । त्यस्तै अन्य खेलमा पश्चिमाञ्चल, कास्की मोर्डनाइज्ड, सगरमाथा, टप्स, शिसुनिकेतन मावीले समेत आ-आफ्ना खेल जितेका छन्।

त्यस्तै आजनै सम्पन्न छात्रा भलिबल प्लस टुतर्फ ८ खेल सम्पन्न भएका छन् । पहिलो चरणका खेलमा पोखरा आदर्श, केफ, कास्की मोर्डनाइज, प्रतिभा मावी, मदर ल्याण्ड, ज्ञानसागर, पश्चिमाञ्चल र टप्स माविले विजयी सुरुवात गरेका छन् । छात्रतर्फ ७ खेल सम्पन्न भए । जसमा केफ, सोसल पब्लिक स्कुल, सगरमाथा, पश्चिमाञ्चल, सिर्जना, पोखरा आदर्श र गुरुकुलललले आ-आफ्नो खेलमा विजयी भए। आज नै प्लस टु छात्र-छात्रातर्फका व्याडमिन्टन र टेवुल टेनिसका पहिलो चरणका खेलहरु जारी रहेको व्याडमिन्टन प्रतियोगिताका सांयोजक पुरन कुंवरले जानकारी दिए। स्पोर्टस मिट अन्तर्गत छात्र-छात्रा बास्केटबल, भलिबल, व्याडमिन्टन र टेबुल टेनिसका प्रतिष्पर्धा हुनेछन्। प्रतियोगितामा मावीतह छात्र भलिबलमा २९ र छात्रातर्फ २१ विद्यालयको सहभागिता हुने हिसान कास्कीका अध्यक्ष रोक्काले जानकारी दिए ।त्यस्तै छात्र बास्केटबलमा सर्वाधिक ३७ विद्यालयको सहभागिता रहेको छ भने छात्रातर्फ १५ टिम भिड्नेछन् । टेवुल टेनिसतर्फ २८ विद्यालयका करिव ३ सय छात्र-छात्रा सिंगल्स र डवल्समा प्रतिस्पर्धा गर्नेछन भने व्याडमिन्टन छात्र-छात्रातर्फ २४ विद्यालयका ३ सय १२ प्रतिस्पर्धीहरुको सहभागिता रहेको छ । विश्वविद्यालयतर्फ बास्केटबलमा ९ वटा शैक्षिक संस्थाहरुले सहभागिता जनाएका छन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# केपी ओली कपको फाइनलमा मधेस प्रदेश, एपीएफ पराजित

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

विभागीय टिम सशस्त्र प्रहरी बल (एपीएफ) लाई हराउँदै मधेस प्रदेश पोखरामा जारी प्रथम केपी ओली कप राष्ट्रिय टी २० क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा पोखरा रंगशालामा जारी दोस्रो सेमिफाइनलमा सशस्त्र एपिएफलाई ११ रनले पराजित गर्दै मधेस प्रदेश प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो। मधेसले दिएको १ सय ९८ रनको विशाल लक्ष्य पछ्याएको एपीएफले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ८४ रन मात्र बनाउन सफल भयो।

जवाफी व्याटिङ्मा २२ रनमा नै २ विकेट गुमाएको एपीएफका लागि कप्तान प्रदीप ऐरी र सन्दीप जोराले सतकीय साझेदारी गरे पनि जितका लागि प्रयाप्त हुन सकेन। जोरा ५४ रन बनाएर आउट भए । प्रदीपले ५५, लोकेश बमले ३२, भुवन कार्की १३, सुमित महर्जनले १३, असिफ शेखले ४, पुरन विकले ४, अरुण ऐरी र अमर रौटेला शुन्य( शुन्य रनमा आउट भए । बलिङतर्फ मधेसका विशाल पटेल ३, कप्तान हरिशंकर शाह र प्रदीप पासवानले २-२ विकेट लिए। टस जितेर पहिले ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ९७ रन बनायो। मधेसका लागि अनिल शाह र इम्रान शेखले अर्धसतक प्रहार गरेका थिए। शाह ३६ बलमा ५७ रन र शेखले ३२ बलमा ५० बनाएर आउट भएका हुन् । पवन सराफले ३३ रन रुपेश सिंहले ८ बलमा २१, हिमान्शु दत्तले १५, कप्तान हरिशंकर शाहले १० बनाएका थिए। बलिङतर्फ एपीएफका मौसम ढकालले ३, अमर रौटेलाले २ विकेट र पुरन विकले १ विकेट लिएका थिए। बागमती प्रदेशलाई ४ विकेटले हराउँदै त्रिभुवन आर्मी क्लब पोखरामा जारी केपी ओली कप टी(२० क्रिकेट प्रतियोगिताको उपाधि नजिक पुगेको छ । पोखरा रंगशालास्थित क्रीकेट मैदानमा बागमती प्रदेशले दिएको १ सय २८ रनको लक्ष्य पछ्याएको आर्मीले १५ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको हो । आर्मीका लागि भीम सार्कीले उत्कृष्ट इनिङ खेले । उनले ३५ बलमा ३९ रन जोडे । सोमपाल कामीले १५ र राजेश पुलामीमगर १ रनमा अविजित रहे कुशल मल्लले ८ बलमा २७ रन जोडे । विनोद भण्डारीले २५, सन्तोष कार्कीले ७, बसिर अहमदले ५ र रोहित पौडेल शून्य रनमा आउट भए। बलिङतर्फ बागमतीका कप्तान सन्दीप लामीछानेले २, प्रतिश जिसीले १, इशान पाण्डे, रित गौतम र सोनु देवकोटाले १-१ विकेट लिए।




यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बागमतीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय २८ रन बनाएको थियो। बागमतीका लागी प्रतीक श्रेष्ठले सर्वाधिक ५० रनको पारी खेले। बागतीका कप्तान सन्दिपले १९, रित गौतमले १४, इशान पाण्डेले १२, सोनु देवकोटाले ९, शुभ कंशाकारले ३ र रोशन विकेले १ योगदान दिए। बलिङतर्फ आर्मीका साहब आलमले सर्वाधिक ४ विकेट लिए। ४ ओभर बलिङ गरेका आलमले १ मेडनसहित १४ रन खर्चेर ४ विकेट लिन सफल भए। सोमपाल कामी २ र विवेक यादबले १ विकेट लिए। आर्मीले उपाधिका लागि मधेश प्रदेश संग शुक्रबार भिड्नेछ।

# आइटीएफ जे-३० मा सिंगलतर्फ क्वाटरफाइनल तथा डबल्सतर्फ सेमिफाइनलका खेलहरु सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी आइटीएफ जे-३० टेनिस प्रतियोगिता अन्तर्गत सिंगलतर्फ क्वाटरफाइनल तथा डबल्सतर्फ सेमिफाइनलका खेलहरु सम्पन्न भएका छन्।

बिहीबार भएको ब्वाइज सिंगलतर्फको खेलमा भारतका अनिकेत भेंकाटरमनले अमेरिकाका आरब सम्राट हाडालाई ६-३, १-६ र ६-० को सेटमा पराजित गर्दै सेमिफाइनलमा स्थान बनाए । त्यस्तै, भारतका प्रनिल शर्माले भारतकै रणविर सिंहलाई ६-२,७-६ ले, अलेक्से सिभाइवले जापानका रुया सासामोतोलाई ६-४,६-२ ले र भारतका आदित्य मोरले जापानका रिकु हिगासीलाई ६-३,३-६ र ६-३ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाए।



गर्ल्स सिंगलतर्फ जापानका उता असाकुराले भारतका इसिता मिधालाई ६-०,६-० ले, भारतका यासिका सोकिनले भारतकै इसि महेश्वरीलाई ५-७,६-३ र ६-० ले, भारतका दिसा बेहराले भारतकै स्वस्ती सिंहलाई ६-४,३-६ र ६-२ ले र हङकङकी जेन लिङ चुङ वाङले भारतका सगुन कुमारी सगुनलाई ६-२ ,६-२ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरे । ब्वाइज डबल्सफर्त जापानका को फुजिकावा र रुया ससामोटोको जोडीले भारतका सन्चित सुधिर राव र अनिकेट भेंकाटारामनको जोडीलाई ६-०,२-६ र सुपरटाईमा ११-९ ले पराजित गर्दै फाइनलमा स्थान बनाए।

गर्ल्स डबल्सतर्फ जापानका उता असाकुरा र हङकङकी जेन लिङ चुङ वाङ जोडीले भारतका अन्वी पुनागण्टी र सगुन कुमारी सगुनको जोडीलाई ६-३, ६-१ ले तथा भारतका दिसा बेहरा र अर्जान खोराकिवालाको जोडीले भारतकै सेरि सर्मा र रिधि सिण्डेको जोडीलाई ६-३,६-० को सेटमा पराजित गर्दै फाइनलमा प्रवेश गरेका छन्।

# माछापुच्छ्रेमा पाँचौ राष्ट्रपति रनिङ शिल्ड

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

कास्कीको माछापुच्छे गाउँपालिकाको आयोजना एवम् शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा बिहीबारदेखि पाँचौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ। यही मङ्सिर १६ गतेसम्म चल्ने प्रतियोगितामा गाउँपालिका अन्तर्गत ११ वटा माध्यामिक विद्यालयको सहभागिता हुने शिक्षा शाखा प्रमुख एवम् खेल व्यवस्थापन संयोजक सम्झना पोखरेलले जानकारी दिनुभयो । पालिकाभित्रका विद्यालयस्तरबाट नै खेलाडी उत्पादन गर्ने र सम्भावित प्रतिभालाई राष्ट्रिय तथा अन्तर ष्ट्रियस्तरसम्म उजागर गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो।

सम्पूर्ण विधामा प्रथम हुने विद्यालयले १५ हजार, द्वितीय हुनेले रु १० हजार र तृतीय हुनेले रु सात हजार, ट्रफि मेडल र प्रमाणपत्र पाप्त गर्ने छन् । प्रतियोगितामा सहभागी ११ वटा विद्यालयबाट तीन सय ८३ विद्यार्थीको खेलमा प्रत्यक्ष सहभागिता रहने जनाइएको छ । माछापुच्छे गाउँपालिका-४ लाहाचोकस्थित महेन्द्र माध्यामिक विद्यालयको खेल मैदानमा सञ्चालन हुन प्रतियोगितामा छात्रछात्रा भलिवल, कवड्डी, लङजम्प, हाइजम्प, ट्रिपलजम्म लगायतका खेल सञ्चालन हुने आयोजकले जनाएको छ।

यसअघि चौंथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा महेन्द्र माध्यमिक विद्यालयले ११ स्वर्ण पाँच रजत र तीन कास्य पाप्त गरी प्रथम, माछापुच्छे माविले चार स्वर्ण तीन रजत र तीन कास्य पाप्त गरी दोस्रो र उदया माविले चार स्वर्ण, दुई रजत दुई कास्यका साथ तेस्रो स्थान हासिल गरेको थियो।

# कास्कीमा आलुखेती निर्वाहमुखीबाट व्यवसायिकतातर्फ

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

झण्डै साढे तीन दशक अघिसम्म हिमाली क्षेत्रमा लगाइने आलुखेती अहिले पहाडी क्षेत्रमा व्यावसायिक रुप लिँदै गएको छ। २०४५/४६ सालतिर मुस्ताङको लेतेबाट ल्याइएको वर्षे सेतो आलु र कास्कीको घान्द्रुक र छोम्रोङबाट ल्याइएको रातो डल्ले आलुको बीउबाट कास्कीको हेम्जामा खेती सुरु गरिएकामा पछिल्ला वर्षमा जिल्लाका विभिन्न क्षेत्रमा विस्तार भएको हो।

सुरुमा हेम्जामा व्यवसायिक आलुखेती थालिएकामा पछिल्लो दशक महेन्द्रगुफा, अर्मला, कुडहर हुँदै लेखनाथ क्षेत्रका गगनगौँडा, मालमूल, बेलबुटे, राजाचौतारा, बागमारालगायत स्थानमा विस्तार भएको हो। पोखरा महानगरपालिका-३२ को तल्लो गगनगौँडा, बेलबुटे, मालमूलका साथै यी स्थानसँग सिमा जोडिएको तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबैंसीलगायत स्थानमा आलु खेतीतर्फ आकर्षण बढ्दै गएको किसान बताउँछन्।

स्थानीयवासीका अनुसार २०४५/४६ सालदेखि हेम्जामा केही मात्रामा आलुखेती विस्तार भई २०५४/५५ सालयता क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले बाह्य अनुसन्धान स्थल स्थापना गरेपछि यो ठाउँ आलुखेतीका लागि प्रसिद्ध बन्दै गएको हो । हेम्जामा आलुखेतीको बढ्दो विस्तारसँगै यसको विशिष्टिकृत पहिचानमा सहयोग पुर्‍याउने लक्ष्यका साथ एक दशकयता उक्त स्थानमा बर्सेनी आलु महोत्सवसमेत गर्दै आइएको छ । 'सुन्दर ठाउँ हेम्जा जाउँ, आलुका स्वादिष्ट परिकार खाउ, आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ गर्दै आइएको महोत्सव यहाँको विशिष्ट पहिचान बनेको छ।

विसं २०६६ फागुनमा पहिलो पटक एक दिवसीय 'प्रथम आलु महोत्सव' गरिएयता लगातार महोत्सव गरिँदै आइएको हेम्जा हाइटेकका सञ्चालक रामचन्द्र त्रिपाठीले जानकारी दिनुभयो। आलु खेतीको विस्तार हुँदै जाँदा नार्कअन्तर्गत क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेले यस गाउँलाई औपचारिक रुपमा नै आलु गाउँका रुपमा परिचित गराएको थियो। उहाँका अनुसार पछिल्लो समयमा यहाँका अधिकांश किसान आलुखेतीतर्फ आकर्षित बनेका छन्।

आलुमा पहिचान नै बनाएको हेम्जामा खानेसँगै बीउ आलुको लागि पनि किसान आकर्षित बन्दै गएका त्रिपाठीले बताउनुभयो । हेम्जा हाइटेकमार्फत बीउ उत्पादन थालिएको बताउँदै उहाँले अघिल्लो वर्ष पाँच हजार किलो बीउ उत्पादन गरिएको जानकारी दिनभयो। यस वर्ष १० हजार किलो बीउ उत्पादन गर्ने गरी करिब १६ रोपनी क्षेत्रफलमा आलु लगाइएको उहाँको भनाइ थियो । उत्पादित बीउ महानगरपालिकाले जिम्मा लिएर किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको छ।

पछिल्ला समयमा लेखनाथ क्षेत्रमा आलु खेतीतर्फ किसान आकर्षित बन्दै गएको ढलेपिपल ताजा तरकारी किसान समूह पोखरा-२६ का अध्यक्ष धर्मदत्त पौडेलले बताउनुभयो। समूहमार्फत पाँच वर्षयता आलुको बीउ उत्पादन गरिरहेको भन्दै उहाँले अघिल्लो वर्ष १३ हजार किलो बीउ उत्पादन गरिएको जानकारी दिनुभयो । "समूहमा ३२ किसान आवद्ध भए पनि आलुको बीउ उत्पादनमा छ जना लागेका छौँ", पौडेलले भन्नुभयो, "हाल एमएस ४२ जातको आलु लगाइएको छ। यसवर्ष थप ३० रोपनी क्षेत्रफलमा प्रशोधनयोग्य जनकदेव जातको आलुको खेती पनि थालेका छौँ।" समूहगत रुपमा महेन्द्र गुफा किसान समूहले पनि आलुको बीउ उत्पादन गरिरहेको छ। समूहले पाँच रोपनी क्षेत्रफलमा आलुखेती गरेकामा गतवर्ष दुई हजार एक सय किलो बीउ उत्पादन गरेको समूहका पूर्व अध्यक्ष निर्मला बस्नेतले बताउनुभयो । उहाँका अनुसार गतवर्ष बीउ बिक्रीबाट मात्रै समूहले रू एक लाख २७ हजार आम्दानी गरेको थियो।

व्यावसायिक आलुखेतीमा सर्वसाधारणको आकर्षण बढेसँगै पोखरा महानगरले यसको व्यावसायिक खेतीमा जोड दिँदै आएको महानगरका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । उहाँका अनुसार जिल्लामा एमएस ४२, कुफ्रज्योति, खुमललक्ष्मी, जनकदेव, खुमल सेतो र डेजिरे जातका आलु लगाउने गरिएको छ । पछिल्ला वर्षमा एमएस ४२ जातको आलु अत्याधिक लगाउन थालिएको उहाँको भनँइ थियो।

कास्कीका हेम्जालगायत स्थानमा आलुको उत्पादकत्वप्रति हेक्टर १८ देखि २० टनसम्म हुने गरेको कडरियाले जानकारी दिनुभयो। उहाँले हेम्जामा लगभग चार सयदेखि चार सय २५ हेक्टर क्षेत्रफलमा खेती गरिएको भन्दै आलु उत्पादनबाट मात्रै वार्षिक रू २० देखि २१ करोडसम्मको कारोबार हुने गरेको जानकारी दिनुभयो । कृषि महाशाखा प्रमुख कडरियाका अनुसार नेपालमा वार्षिक एक लाख ९५ हजार दुई सय ६८ हेक्टर क्षेत्रफलमा लगाइएको आलुको उत्पादन २७ लाख ३० हजार दुई सय ९४ मेट्रिक टन हुने गरेको छ। उहाँका अनुसार प्रतिहेक्टर उत्पादकत्व १२.४ मेट्रिक टन रहेको छ। पोखरा महानगरले आलु खेती विस्तारमा जोड दिँदै बीउमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको कडरियाले जानकारी दिनुभयो । आलुको बीउ प्रतिकिलो रू ७० कायम गरी महानगरपालिकाले ५० प्रतिशत अनुदानमा उपलब्ध गराउँदै आएको उहाँले बताउनुभयो।

## जिसस ...

र समृद्धिको सपना सार्थक हुने उहाँको कथन थियो। कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (लिजा)को मुल्यांकन बिधि र स्थानीय तहहरूले गर्नु पर्ने कार्यहरूको सम्बन्धमा तथा बित्तिय सुशासन जोखिम मुल्यांकन (फ्रा) सम्बन्धमा कोष तथा लेखा नियन्त्रक केशवराज ढकालले सहजीकरण गर्नुभएको थियो।


उक्त कार्यक्रममा कास्कीका पाँच पालिकाका अध्यक्ष र कार्यकारी अधिकृत सहित सरोकारवाला जनप्रतिनिधि तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष बिष्णु बहादुर के. सि. , जिल्ला समन्वय समिति सदस्य बालिका सुवेदी, जिल्ला समन्वय अधिकारी नबराज बराल सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# कोप 28 मा नेपालको उठाउनुपर्ने मुद्दाहरु

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलन 'कन्फरेन्स अफ पार्टीज' कोप शरु भएको छ । कोप सम्मेलनमा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका १९८ पक्षराष्ट्रको सहभागिता हुने गर्छ । सहभागी सबै राष्ट्रको साझा मुद्दा पृथ्वीको तापमान बढाउने हरितगृह ग्यासको उत्सर्जनलाई न्यूनीकरण हो। त्यस्तै, जलवायु परिवर्तनले ल्याएको वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न खनिज इन्धनको उपयोगलाई न्यून गर्न र जलवायु प्रभावको सामना गर्न आवश्यक वित्तीय व्यवस्थाको बाँडफाँड गर्ने खाकामाथि पनि बहस हुनेछ ।

सम्मेलनको पहिलो बैठक जर्मनीको राजधानी बर्लिनमा सन् १९९५ मा भएको थियो, जसलाई 'अर्थ समिट' भनिएको थियो। सन् २०१५ मा भएको कोप-१५ को बैठकले 'पेरिस सम्झौता' अनुसार महासन्धिका पक्षराष्ट्रले उत्सर्जन न्यून गर्दै र अनुकूलनको उपायबारे आआफ्ना देशका प्रतिबद्धता पेश गर्नुपर्ने बुँदा पनि पारित गरेको थियो । त्यस अनुसार हरेक देशले प्रतिबद्धता गर्दै आएका छन् तर कार्यान्वयनको पक्ष कमजोर छ ।

जलवायु परिवर्तनको मुख्य कारक मानिएको उच्च दरको कार्बन उत्सर्जन घटाउने सम्बन्धी लक्ष्यलाई प्राथमिकता दिने प्रतिबद्धता विगतदेखि नै नेपालले जनाउँदै आएको छ र नेपालले कार्ययोजना नै बनाएर कार्यान्वयन सुरु गरिसकेको छ। तर, कार्बन उत्सर्जनमा ठूलो हिस्सा ओगटेका मुलुकहरू जलवायु परिवर्तनको असर भोग्ने मुलुकलाई क्षतिपूर्ति दिन तयार छैनन् । विश्व तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्नका लागि विश्वव्यापी रूपमै बढी कार्बन उत्सर्जक मुलुकहरूले योगदान गर्नुपर्ने अवस्था छ ।

संवेदनशील उच्च हिमालय क्षेत्रमा अवस्थित नेपाल जस्ता जलवायु परिवर्तनको असर छिटो र धेरै भोग्ने मुलुकहरू स्रोत अभावमा दुष्प्रभाव कम गर्न र स्थानीय समुदायलाई सुरक्षित गर्न चुनौती भोगिरहेका छन् । जलवायु परिवर्तनबाट उत्पन्न जोखिमहरू र यसले विकासका प्राथमिकतामा पारिरहेको असरको विषयलाई नेपालले विश्व समुदायसँग कोपकै मञ्चमार्फत नै राख्नुपर्छ ।

जलवायु परिवर्तनका कारण नेपालले बाढी, पहिरो, खडेरी, डढेलो जस्ता प्रकोपहरू निरन्तर बढिरहेको छ । हिमालमा हिउँको मात्रा घटेको छ भने हिमतालहरू फुट्ने जोखिम बढेको छ। यसपटक जलवायु सम्मेलनअघि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमण गरेका थिए। उनले सगरमाथा र अन्नपूर्ण आधार शिविरको भ्रमण गरेर नेपालमा जलवायु परिवर्तनले पारेको असर आफैं हेरेर गएका थिए ।

जलवायु परिवर्तनसँग जुध्न नेपालले राम्रा नीति बनाएको छ। तर कार्यान्वयन भने फितलो छ । त्यस्तै, ऊर्जा, वन तथा वातावरणमा जति रकम जलवायुका लागि छुट्याइएको छ, त्यसको कार्यान्वयन कमजोर छ। विकास बजेटको ६० प्रतिशत पनि खर्च हुँदैन। विभिन्न शीर्षकमा छुट्याइएको बजेट खर्च गर्ने क्षमता नै कमजोर छ। "जबसम्म यी सबै कुरालाई समग्रतामा हेरेर काम गर्दैनौं, हाम्रा नीति पूरा हुन गाह्रो छ । अहिलेसम्म जलवायु परिवर्तन सम्बन्धी जति पनि बहस भएका छन्, सबै केन्द्रीकृत छन् । यसलाई पनि स्थानीय स्तरसम्म लग्नुपर्ने विज्ञहरू औंल्याउँछन् । "जलवायु परिवर्तनलाई सम्बोधन गर्न बने नीतिहरू प्रदेश र स्थानीय तहमा त पुगेकै छैन,"तिनलाई तल्लो तहमा लानु पनि अर्को चुनौती छ ।

# दूध बिक्री नभएपछि किसान चिन्तित

**रासस**
गोरखा, १४ मंसिर/ रासस

गोरखामा उत्पादित दूध बिक्री नभएपछि स्थानीय किसान चिन्तित भएका छन् ।

स्थानीयस्तरमा उत्पादित दूधले बजार नपाएर खेर फाल्नु परेपछि किसान समस्यामा परेका हुन् । गोरखा नगरपालिका-९, स्थित जयगोरखकाली एग्रो एण्ड डेरी फार्मले उत्पादन गर्दै आएको दुई सय लिटर दूधले बिक्री नभए पनि खेर फ्याक्नु परेको फार्म सञ्चालक भीमसेन बस्नेतले जानकारी दिनुभयो ।

फार्ममा दैनिक चारसय लिटर दूध उत्पादन गर्दै आएको भए पनि प्रत्येक दिन आधाजसो दूध गाईलाई खुवाउनुपर्ने अवस्था रहेको उहाँले दुखेसो पोख्नुभयो ।

"सदरमुकामसहित जिल्लाभित्रका मुख्य बजारमा बाहिर जिल्लाबाट दूध आयात हुन्छ, सञ्चालक बस्नेतले भन्नुभयो, "तर हामी स्थानीय किसानले उत्पादन गरेको दूध बिक्री नभएपछि दूध गाईलाई खुवाउनु परेको छ ।"

उहाँले उत्पादन भएकोमध्ये करिब दुई सय लिटर दूध भने गोरखा बजार क्षेत्रमा घरघरमा पुऱ्याएर दैनिक बिक्री गर्ने गरेको जानकारी दिनुभयो। किसान बस्नेतले भन्नुभयो "बाँकी आधा भन्दाबढी दूध बिक्री नभएपछि कित गाईलाई खुवाउनुपर्छ छ कि फ्याक्नुपर्ने अवस्था छ ।"उत्पादित दूधले बजारमा पाए मासिक साँढे दुई लाखभन्दा बढी आम्दानी हुने उहाँले बताउनुभयो ।

"दैनिक चारसय लिटर दूध राम्रोसँग बिक्री भए दैनिक रु २६ हजारको कारोबार हुन्छ, बस्नेतले भन्नुभयो, "त्यसबाट खर्च कटाएर मासिक रुपमा राम्रो आम्दानी हुने थियो ।" बिक्री नभएको दूध राख्न ठूला चिस्यान केन्द्र नहुँदा बिक्री नहुने वित्तिकै खेर फाल्नुपर्ने अवस्था रहेको छ । फर्मबाट दैनिक एक हजार लिटर दूध उत्पादन गर्ने लक्ष्य रहेको उहाँको भनाइ छ ।

अहिले दुहुना बाहेक पनि ५४ वटा कोरली गाईन ब्याउने रहेको बस्नेतले बताउनुभयो । "सबै गाई ब्याएसँगै अब दैनिक करिब एकहजार दूध उत्पादन हुन्छ, उहाँले भन्नुभयो, "तर कहाँ लगेर बिक्री गर्ने भन्ने चिन्ता लागेको छ ।" गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले स्थानीय उत्पादनको बजारीकरणका लागि नगरपालिका आवश्यक पहल गरिरहेको बताउनुभयो । " नगरपालिकाले प्राविधिक र आर्थिक हिसाबले आफै कोल्डचेन सञ्चालन गर्ने अवस्था छैन, उहाँले भन्नुभयो, "स्थानीय बजारमा खपत गराउनका लागि व्यवस्थित डेरी उद्योग सञ्चालन गर्न सकिन्छ कि भनेर परामर्स गरिरहेका छौं ।"उहाँले स्थानीय उत्पादनमा जोड दिन नगरपालिकाले उत्पादनमा आधारित अनुदान कार्यक्रम ल्याउन लागेको समेत बताउनुभयो । "स्थानीय किसानले उत्पादन गरेको दूध खेर जाने र उपभोक्ताले बाहिरबाट आयात गरेर ल्याएको दूध उपभोग गर्नुपर्ने अवस्था राम्रो होइन, उहाँले भन्नुभयो, "यसमा व्यवस्थापन मुख्य समस्याको यसको समाधानका लागि नगरपालिकाले योजना बनाएर अघि बढ्छ ।"

# बिक्रीको जिम्मा गाउँपालिकाले लिएपछि किसान उत्साहित

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ मंसिर

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीस्थित लाब्दी भोटेस्वाँरामा उत्पादित साग र गुन्द्रुक स्थानीय बजारमा खपत हुँदै आएको छ। उक्त क्षेत्रमा उत्पादित साग र गुन्द्रुक स्थानीय आँबुखैरेनी बजार क्षेत्रमा सहज रुपमा बिक्री हुँदै आएपछि यहाँका किसान खुसी भएका छन् । किसानले उत्पादन गरेका तरकारी बिक्री नभएमा गाउँपालिकाले जिम्मा लिने जनाएपछि यहाँका किसान व्यावसायिक उत्पादनमा लागेका हुन् ।

समुन्द्र सतहदेखि करिब दुई हजार उचाइमा रहेको यस स्थानमा रैथाने अर्गानिक रायो साग खेती गरिएको हो । उक्त वडाका करिब २० घरधुरीले करिब ३० रोपनी क्षेत्रफलमा साग खेती गरेको स्थानीय किसान आशिक गुरुङले जानकारी दिनुभयो । सागको प्रति मुठा रु ५० र गुन्द्रुकको प्रति मुठा रु एक सयमा बिक्री गर्ने गरिएको छ। उक्त मूल्यमा पाउँदा उपभोक्ताले खुसी भएर लैजाने गरेका छन् ।

दैनिक दुई/तीन सय मुठा साग बिक्री हुँदै आएको किसानहरु बताउँछन् । गाउँपालिकाले बिक्री गर्न थालेपछि व्यावसायिक खेतीतर्फ किसान आकर्षित भएको स्थानीय किसान एवं वडा सदस्यसमेत रहनुभएका लक्ष्मण गुरुङले बताउनुभयो । आफूले यसवर्ष पाँच रोपनी बढी क्षेत्रफलमा साग खेती गरेर उत्पादन गरेसँगै बिक्रीको समस्या नरहेको उहाँले जानकारी दिनुभयो। सुरुमा आफ्नो परिवारको लागि खेती गर्ने गरिए पनि गाउँपालिकाले संरक्षण गर्ने भएपछि स्थानीय किसान उत्साहित भएर लागेका हुन् । करिब १५ दिनको अवधिमा रु एक लाख बढीको साग र गुन्द्रुक बिक्री गरिसकिएको वडाध्यक्ष सन्तोष गुरुङले जानकारी दिनुभयो । उत्पादित साग दैनिक तरकारी पसलमा बिक्री गर्ने गरिए पनि हप्तामा एक दिन आँबुखैरेनी गाउँपालिकाले सञ्चालनमा ल्याएको हाटबजारमा बिक्री गर्न थालिएको छ । सुरुमा थोरै जग्गामा खेती गरिए पनि अहिले कृषिलाई प्रवर्द्धन गर्न व्यावसायिक रुपमा अघि बढाइएको वडाध्यक्ष गुरुङले बताउनुभयो । किसानले उत्पादन गरेका बस्तु स्थानीय जनप्रतिनिधिको समन्वयमा बजारसम्म पुऱ्याउन सहजीकरण गर्दै आएको छ। किसानले उत्पादन गरेका वस्तुले बजार पाएन भने गाउँपालिकाले जिम्मा लिने प्रतिबद्धता जनाएपछि किसान उत्साहित भएर उत्पादनमा लागेको आँबुखैरेनी कृषि शाखाका प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो। गाउँपालिकाले किसानलाई बीउमा अनुदानका साथै बजारमा बिक्री नभएको अवस्थामा पालिकाले जिम्मा लिने प्रवन्ध मिलाइएको छ। चिसो मौसममा गुन्द्रुक फाइदाजनक हुने भएकाले गुन्द्रुकको पनि उत्तिकै माग आउन थालेको छ । माग बढेपछि गुन्द्रुक बनाउन थालिएको छ । यहाँको गुन्द्रुक अमिलो र स्वादिष्ट हुने भएकाले अत्यधिक माग बढेको किसान बताउँछन् ।

स्थानीय किसानलाई उत्पादनसँग जोड्दै आयआर्जमा सबल बनाउने योजना अनुरुप ठाउँ र हावापानी सुहाउँदो खेतीलाई प्रवर्द्धन गर्दै आएको गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

# पोखरा बहुमुखी क्याम्पसको ३७ औं वार्षीकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर

पोखरा बहुमुखी क्याम्पसको ३७ औं वार्षीकोत्सव बिहिबार एक समारोहका विच सम्पन्न भएको छ । वार्षीकोत्सवमा बिद्यर्थी, क्याम्पस प्रशासन, संचालक समिति, क्याम्पस स्थापना लगायत क्याम्पसको उन्नती प्रगतिका लागि योगदान दिने व्यक्तित्व, चन्दादाता, अक्षयकोष तथा पुरस्कार स्थापना गर्ने बिभिन्न व्यक्ति, संघ संस्था, तथा अन्य सरोकारवालाको सहभागिता थियो ।



वार्षीकोत्सव समारोहकै विच क्याम्पस उन्नतीका लागि योगदान दिने सामाजिक व्यक्तित्व लगायत बिद्यार्थीको प्रतिभा प्रस्फुटन , नेतृत्व तथा व्यक्तित्व विकासका लागि क्याम्पसले बिभिन्न समयमा आयोजना गरेका प्रतियोगितामा विजयी बिद्यार्थीहरुलाइ पुरस्कृत तथा सम्मानीत गरिएको थियो । यसैविच वार्षीकउत्सवको उद्घाटन गर्दै विश्वबिद्यालय अनुदान आयोगका प्रमुख, प्राध्यापक डा. देब राज अधिकारीले सामुदायिक क्याम्पसहरुले अनुसन्धालाइ प्राथमिकता दिनेहो भने यस्ता क्याम्पसमा शिक्षाको गुणस्तर बढ्ने बताउनु भयो । बिद्यार्थीलाइ गुणस्तरिय शिक्षा दिनकालागि प्राध्यापकको गुणस्तर बढाउनुपर्ने र यसकालागि प्राध्यापकहरुले अनुसन्धानमुलक काम गरेकै हुनुपर्छ भन्दै उहाँले पोखरा बहुमुखि क्याम्पसले यस्ता काममा क्रमीक रुपमा प्रगती गर्दै गएको भन्दै शुभकामना व्यक्त गर्नुभयो । उहाँले पछिल्लोक्रममा देशको राजनितिक, आर्थीक लगायतका बिभिन्न परिस्थीतिका कारण युवा जनसक्ती बिदेश पलायन भइरहेको यथार्थ औंल्याउनु भयो । "युवा बिदेशीनुको प्रत्यक्ष असर सामुदायिक क्याम्पसमा परेको छ , यसलाइ रोक्न अव शिक्षाको गुणस्तर अत्याधिक बढाउनुको विकल्प छैन" प्रमुख अतिथि प्रा.डा. अधिकारीले भन्नुभयो । उहाँले शिक्षाको गुणस्तर र स्वदेशमै शैक्षिक करियर मा बिद्यार्थीलाइ आकर्षीत गर्न सघाउने उद्देश्यले बिश्वबिद्यालय अनुदान आयोगले आफ्नो ऐन समेत परिमार्जन गर्न लागेको जानकारी दिनुभयो। देशकै अग्रणी विश्वबिद्यालय त्रीभुवन विश्वबिद्यालयले आत्मसमिक्षा गर्नुपर्ने सुझाउँदै उहाँले अवका दिनमा शिक्षाको गुणस्तर मापन गरिसकेपछि मात्र सम्बन्धन दिने पद्दती विकास गर्नु पर्ने पनि बताउनुभएको थियो । वार्षीकोत्सव समारोहमा पोखरा बहुमुखी क्याम्पसको वार्षीक प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पस प्रमुख शिशुकला पराजुलीले गुणस्तरिय शिक्षा का लागि क्याम्पसले गरिरहेको प्रयासमा हौसला र सहयोगको हात बढाउने संपुर्ण सरोकारवालालाइ धन्यवाद दिनुभएको थियो। उहाँले पछिल्लो क्रममा विद्यर्थीहरु शैक्षिक तथा अतिरिक्त क्रियाकलापका लागि निकै जागरुक भएको जनाउँदै उनिहरुको उज्जल भविष्यका लागि क्याम्पस अहोरात्र खटिइने प्रतिवद्धता जनाउनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिकाका निवर्तमान मेयर मान बहादुर जीसीले सामुदायिक क्याम्पसहरुले समय समयमा बिभिन्न क्षेत्रमा अनुभवि व्यक्तित्वहरुका अनुभव बिद्यार्थीहरुलाइ बाँड्ने पद्दतीको विकास गर्नेहो भने बिद्यार्थीहरुले स्वदेशमा अवसरका क्षेत्रहरु पहिल्याउन सक्ने बताउनुभयो । निवर्तमान मेयर जीसीले , पोखराको सबैभन्दा जेठो सामुदायिक क्याम्पस पोखरा बहुमुखी क्याम्पसको गुणस्तर बृद्धि गर्न आफ्नो ज्यान नै धितो राख्नु परे पनि आँफू तयार रहेको बताउनुभयो । जीसी पोखरा महानगरको मेयर भएकै बेला पोखरा बहुमुखि क्याम्पसलाइ आफ्नै भवन बनाउनका लागि पोखरा ९ शान्तिवन अर्थात अहिले क्याम्पस संचालीत जग्गा प्राप्ती भएको थियो । त्यसैगरी, कार्यक्रमकै विच बरिष्ठ उद्यमी तथा सामाजिक व्यक्तित्व आनन्दराज मुल्मीले मोफसलका सामुदायिक क्याम्पसलाइ सहयोग, प्रेरणा र हौसलाा, चासो र निगरानी दिनुनै उत्कृष्ट शिक्षा प्रणालीको पहिलो खुड्कीलो हो भन्दै यस प्रति ध्यान दिन सबै सरोकारवालाहरुलाइ आग्रह गर्नुभएको थियो। त्यसैगरि, जनप्रिय क्याम्पस संचालक समितिका अध्यक्ष बिरेन्द्र नारायण बिजुक्छेले सामुदायीक क्याम्पसमा बिद्यार्थीको चाप घटिरहेको प्रति सबै सरोकारवालाको चासो पुग्नु पर्ने र समग्र शिक्षा प्रणालीमा आमुल परिवर्तन ल्याउन एकजुट हुनुपर्ने बताउनु भयो । त्यस्तै पोखरा बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख तथा क्याम्पस प्राध्यापक संघका अध्यक्ष हस्त बहादुर थापाले क्यू.यू ए प्राप्ती प्रक्रियामा पोखरा बहुमूखी क्याम्पस उन्नतिउन्मुख भएको र छिट्टै सफलता हासिल गर्ने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रमकै विच क्याम्पसका बरिष्ठ प्राध्यापक महेन्द्र रिमाललाइ दिर्घ सेवा सम्मान, त्यसैगरि सहायक क्याम्पस प्रमुख अनुपमणी अधिकारी र प्राध्यापक भिम न्यौपाने लाइ उत्कृष्ट प्राध्यापकका रुपमा सम्मान गरिएको थियो । वार्षीकोत्सव समारोहकै विच पोखरा बहुमुखी क्याम्पस सहयोगार्थ बिभिन्न व्यक्ति तथा संस्थाहरुबाट स्थापित पुरस्कार तथा छात्रवृति प्रदान गरिएको थियो। कार्यक्रममा लक्ष्मी हाउस छात्रवृति, मिन छात्रवृति, स्वर्गीय डिलमाया स्मृति छात्रवृती, समिर महिमा छात्रवृति, बेलायती तथा चीनिमाया छात्रवृति, धनिराम बराल छात्रवृति, रुक कुमारी गुरुङ छात्रवृति, बिद्या राना छात्रवृति, विष्णु वास्तोला स्मृति अक्षयकोष छात्रवृति सहित क्याम्पसले प्रदान गर्ने छात्रवृतिबाट बिभिन्न विधामा उत्कृष्ट बिद्यार्थीलाइ पुरस्कृत गरिएको थियो । क्याम्पसका बिभिन्न संकाय अन्तर्गत बिभिन्न शैक्षिक सत्रमा उत्कृष्ट अंक ल्याउने बिद्यार्थी लाइ पुरस्कृत गरिएको थियो । त्यसैगरि वार्षीकोत्सव पुर्वसन्ध्यामा गरेका विभिन्न सप्ताहव्यापी प्रतियोगिताका विजयी छात्रछात्राहरुलाइ पुरस्कृत गरिएको थिया । कार्यक्रममा, अन्तर मावि स्तरिय छात्रा भलिवल प्रतियोगीतामा विजयी पश्चिमान्चल मावि र गुरुकुल बिद्यासदनलाइ क्रमशः रु ३० हजार र २० हजार नगद सहित शिल्ड र मेडल द्धारा पुरस्कृत गरिएको थियो । त्यसैगरी क्याम्पसले आयोजना गरेको निबन्ध लेखन प्रतियोगितामा विजयीलाइ नगद पुरस्कार र प्रमाणपत्र सहित पुरस्कृत गरिएको थियो। कर्यक्रम पोखरा बहुमुखी क्याम्पस संचालक समितिका अध्यक्ष नरेन्द्रमान लालचनको अध्यक्षतामा भएको थियो । क्याम्पसका बरिष्ठ प्राध्यापक महेन्द्र रिमाल ले संचालन गर्नुभएको सो कार्यक्रममा संचालक समितिका उपाध्यक्ष बद्री श्रेष्ठ , बिद्यार्थी कल्याणकारी समिति अध्यक्ष सलिना थापा मगर ले स्वागत मनतव्य राख्नुभएको थियो ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख २०८०/०८/०२ गते दाङबाट पोखरा आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः सुरेश वी.क.**
**विमा लेख नं. १३००९९१५२**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोनः मो.९८०९८३१३५०**

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख २०८०/०८/०९ गते काठमाण्डौबाट पोखरा आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः ढाकाराम वी.एम.**
**विमा लेख नं. १४००२४११९**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोनः मो.९८५६०८३०२५**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गाउँपालिका हाँकेका पाइजाको किबी खेती

पोखरापत्र संवाददाता
बागलुङ, १४ मंसिर

बडिगाड गाउँपालिका-५ ग्वालिचौरका ६० वर्षीय मेहरसिंह पाइजाले २०५८ सालमा काठमाडौँबाट पाँच वटा किबीका बिरुवा ल्याउनुअघि यसबारे यहाँ कमैलाई जानकारी थियो । साविक धौलागिरि अञ्चलमा पहिलो पटक किबी भित्र्याएर यसको खेती सुरु गर्नुभएका पाइजा यतिबेला भने धेरैका लागि प्रेरणाको स्रोत बन्नुभएको छ।



तत्कालीन समयमा प्रतिविरुवा रु एक हजार पाँच सयमा किवी खरिद गर्नुभएका उहाँले २०६४ सालमा मात्रै व्यावसायिक खेती गर्ने सोच बनाउनुभएको थियो । उहाँ यतिबेला एक सय २० रोपनीमा फलफूल खेती गरिरहनुभएको छ । पाइजाले गतवर्ष मात्रै चार हजार केजी किबी बिक्रीबाट रु पाँच लाखभन्दा बढी आम्दानी गरेको बताउनुभयो । उहाँले हाल चार सय किबीका विरुवाबाट व्यवसायिक खेती गरिरहनुभएको छ । कृषिमा रमाइरहनुभएका पाइजा किसानको नेता हुँदै २०७४ सालको स्थानीय तहको निर्वाचनमा बडिगाड गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुभयो । पालिका अध्यक्षको कार्यकाल सकिएलगत्तै उहाँले फेरि गाउँमा किबी खेतीमै रमाइरहनुभएको छ । "कृषि पेसाकै कारण मलाई धेरैले चिने, धौलागिरिका चार जिल्लामै पहिलो पटक किबी खेती भित्र्याउने मै हो", पाइजाले भन्नुभयो, "कृषिबाटै जिल्लामा चिनिएको थिए, गाउँपालिकाको निर्वाचनमा पालिका अध्यक्षमै निर्वाचित भएँ, सो कार्यकालमा पालिकामा किबी खेती विस्तार गरेँ ।" उहाँले आफू अध्यक्ष भएका बेला किसानलाई अनुदान उपलब्ध गराएको समेत बताउनुभयो ।

"गाउँपालिका अध्यक्ष भएपछि व्यस्तता बढ्यो, गाउँमा बसाइँ कम भयो, धेरै काम पालिका केन्द्रबाट गर्नुपर्ने हुँदा किबीले अलि स्याहार पाएन", पाइजाले भन्नुभयो "अहिले त फुर्सद छ दिनभर किबीको स्याहार गर्न भ्याउँछु, परम्परागत कोदो, गहुँ र मकैबाली पूर्णरुपमा बन्द गरेर फलफूलमा लगानी गरेको हुँ ।" उहाँले हाल किबीसँगै ओखर, हलुवाबेद, सुन्तला, स्याउ, पाउलिनिया, एभोकार्डो, कागती, अनार खेतीका साथै आठ घार मौरी पनि पालन गरिरहनुभएको छ ।

पाइजाको किबी खेती देखेरै यतिबेला बागलुङका कैयन किसानले व्यावसायिक किबी खेती सुरु गर्नुभएको छ । गलकोट नगरपालिका-१ दुदिलाभाटीका गुमानसिंह खत्री, निसीखोला गाउँपालिका-४ का लीला घर्ती, बागलुङ नगरपालिका-८ सिगानाका अनन्तबहादुर खड्का, राजन जिसी, बागलुङ नगरपालिका-९ तित्याङका हीरा केसी र प्रेम केसी, ताराखोला गाउँपालिका-५ का नरबहादुर राना लगायत व्यावसायिक किबी खेतीमा रमाउनुभएको छ ।

बागलुङमा झण्डै ४० हेक्टर जमिनमा व्यावसायिक किबी खेती गरिँदै आइएको सरकारी तथ्याङ्क छ । बागलुङको दुदिलाभाटीमा किबी पकेट कार्यक्रम नै सञ्चालित छ । किबी भिटामिन सी, एन्टिअक्सिडेन्ट र फाइबरको राम्रो स्रोत मानिन्छ । किबी फ्रुट भिटामिन सी र एन्टिअक्सिडेन्टको राम्रो स्रोत हो । यसलाई नेपालमा 'ठकी फल' पनि भनिन्छ ।

# सङ्घर्षमा कलममा स्रष्टा सम्मान तथा साक्षात्कार

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

सङ्घर्षमा कलम पोखराले भारतको सिलगढीबाट आएका स्रष्टासँगको साक्षात्कार तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाले असमका वरिष्ठ साहित्यकार भविलाल लामिछानेसँगको स्रष्टा साक्षात्कारसँगै उनको पछिल्लो कथा कृति अर्धासत्यको अन्तरक्रिया तथा स्रष्टा सम्मान सम्पन्न गरेको थियो । स्रष्टा लामिछानेले असमका नेपालीभाषी बन्धुको विगतदेखि वर्तमानसम्मको अवस्थाकोसमेत चर्चा गर्दै साहित्यले सभ्य समाज निर्माणमा महत्वपूर्ण भूमिका पुऱ्याए तापनि राज्यको हेय दृष्टि र लेखन व्यावसायिक नहुँदा स्रष्टा साधक पिल्सनु परेको बताए । आफ्नो कथा लेखनबारे लामिछानेले थपे, 'लामो समय शिक्षण पेशामा संलग्न रहँदाका अनुभवलाई लामा कथाकारूपमा प्रयोग गरेको थिए जुन प्रयोग सिद्ध भएकोमा छुट्टै सन्तोष मिलेको छ।' वरिष्ठ अधिवक्ता तिलक पराजुलीले विभिन्न क्षेत्रमा छरिएर रहेका नेपाली भाषी स्रष्टा साधकले नेपाली वाङ्मयको श्रीवृद्धिमा पुऱ्याएको योगदान अतुलनीय रहेको धारणा राखे ।



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टर सदस्य दुर्गा शाह बाबाले साहित्य र संगीतलाई तनाव व्यवस्थापनको महत्वपूर्ण पाटाकारूपमा चिनाए। कार्यक्रममा साहित्यकार शोभाकान्त गौडेलले अर्धासत्य कृतिमाथि प्रकाश पारेका थिए भने डा. कालु शर्मा सुवेदीले लामिछानेलाई बहुआयामिक व्यक्तित्वका रूपमा चिनाए ।

कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सदस्य नारायण मरासिनी, जनकवि केशरी धर्मराज-सावित्री थापा प्रतिष्ठानका अध्यक्ष मदनराज थापा, गण्डकी साहित्य संगमका अध्यक्ष भीम रानाभाट, सप्तरंगी साहित्य समाज गण्डकीकी अध्यक्ष अम्बिका भण्डारी, स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतम, सङ्घर्षमा कलमका अध्यक्ष कृष्ण रानाभाट सारथि, छन्दवादी कवि छविलाल आचार्यलगायतले बोलेका थिए। सोही समारोहबीच लामिछानलाई नेपाली वाङ्मयको श्रीवृद्धिमा पुऱ्याएको योगदानको कदरस्वरूप संस्थाद्वारा सम्मानसमेत गरिएको थियो ।

# नेपाल खेलकुद महासंघको स्थापना दिवसको अवसरमा एनएसजेएफ गण्डकीसंग मैत्रिपूर्ण फुटसल

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

नेपाल खेलकुद महासंघको १५ औं स्थापना दिवसको अवसरमा महासंघ गण्डकी प्रदेश कमिटि र नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) गण्डकीसंग मैत्रिपूर्ण फुटसल प्रतियोगिता सम्पन्न भएको छ।

पोखरा-१४, हबेली मार्ग स्थित न्यू एयरपोर्ट फुटसलमा विहिबार भएको मैत्रिपूर्ण फुटसल प्रतियोगितामा महासंघ गण्डकीले मञ्च गण्डकीलाई १०–६ को गोल अन्तरले पराजित गरी विजयी भएको हो ।



मञ्चका उपाध्यक्ष एवं खेल संयोजक सुरज श्रेष्ठको कप्तानीमा मैदानमा उर्त्रिएको मञ्चले सुरुवाती चरणमै २ गोलको सामना गरेको थियो भने महासंघको तर्फबाट महासचिव बिष्णु पुन सहितका खेलाडीहरुले उत्कृष्ट प्रर्दशन गर्नु भएको थियो । महासंघका केन्द्रिय महासचिव युवा नेता बिष्णु पुनले उक्त प्रतियोगिताको उद्घाटन गर्दै महासंघले यस बर्ष भरी नै पालिकाहरुमा विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने बताउनु भयो। त्यसै गरी उहाँले खेलाडीहरुको प्रोत्साहनको लागि फुटवल सहितका केही राष्ट्रिय स्तरका प्रतियोगिताहरु समेत गर्ने तयारी गरेको जनाउनु भयो । मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले खेल गतिविधि हुनुले खेलाडी र खेलकुदको विकास हुने हुदा यस्ता प्रतियोगिता निरन्तर रुपमा आयोजना गर्नुपर्नेमा जोड दिनु भयो । पोखरालाई खेल पर्यटनको रुपमा विकास गर्न पोखरामा राष्ट्रिय अन्तराष्ट्रिय प्रतियोगिताहरु निरन्तर रुपमा हुनै पर्ने उहाँको भनाई थियो । "खेलकुदको विकासका लागि स्थानिय तहदेखि केन्द्रसम्म भौतिक पूर्वाधार, व्यवसायिक र प्रतिस्पर्धी खेलकुद गतिविधि हाम्रो आधार" भन्ने मुल नाराका साथ महासंघले विभिन्न कार्यक्रमको आयोजना गरी स्थापना दिवस मनाउने भएको महासंघ गण्डकीका कार्यबहाक अध्यक्ष दीपेन्द्र शर्माले बताउनु भयो । महासंघको स्थापना दिवसको उक्त अवसरमा केक समेत काटिएको रमेश कार्कीले बताउनु भयो ।

# पर्यटकीय गन्तव्य बन्दै केभहिल

रासस
गोरखा, १४ मंसिर/ रासस

धवलागिरि र अन्नपूर्ण हिमशृखलालाई एकै ठाउँबाट फन्को मार्न सकिने अग्लो डाँडा। हिमालसँगै म्याग्दीका ३६ बढी वडाका भू-भागलाई समेत अवलोकन गर्न सकिने गुफाको डिल अहिले 'केभहिल'को नामबाट पर्यटकीय गन्तव्यका रूपमा परिचित बन्न थालेको छ।

बेनी नगरपालिका-५ स्थित गाजनेको धुरीमा रहेको केभहिल अहिले पर्यटकको रोजाइमा पर्न थालेको छ। बेनी नगरपालिका-५ गाजने र बेनी नगरपालिका-९ तोरीपानीको शिरमा अवस्थित केभहिल क्षेत्रमा अहिले आन्तरिक पर्यटकको आगमन बढेको छ।

बेनीबाट पुलाचौर हुँदै गाजनेसम्म सडकको पहुँच पुगेको छ भने बेनी-पुलाश्रम-घतानकोट-ढोलठान हुँदै केभहिल र तोरीपानीबाट पैदलमार्ग हुँदै आन्तरिक पर्यटक केभहिल क्षेत्रमा पुग्ने गर्छन् । केभहिलमा बेनी नगरपालिकाले भ्यूटावर, पदमार्गलगायतका पूर्वाधार निर्माण गरेपछि पर्यटकको आगमन बढेको स्थानीयवासी बताउँछन् । पहिले गुफा डाँडाका नामले चिनिने यस क्षेत्रलाई पर्यटक आकर्षित गर्न केभहिलका नामले चिनाउन थालिएको र पर्यटन प्रवर्द्धन अभियानले पर्यटकको चहलपहल बढ्दो क्रममा छ । गाजने, पुलाश्रम र तोरिपानी क्षेत्र भएर केभहिलको भ्रमणमा जानेहरू बढेको तोरिपानीका स्थानीय सागर बानियाँले बताउनुभयो ।

"पहिले खासै चर्चामा थिएन, अहिले यस क्षेत्रको प्रचार-प्रसार र पर्यटन पूर्वाधार बन्ने क्रम बढेपछि आन्तरिक पर्यटक बढेका छन्, शनिबार र बिदाका समयमा त यस क्षेत्रमा घुम्न आउनेको लर्को नै लाग्ने गर्छ", उहाँले भन्नुभयो । यहाँबाट धवलागिरि र अन्नपूर्ण रेञ्जका करिब एक दर्जन हिमालको अवलोकन गर्न सकिन्छ । प्राकृतिकरूपमै भ्यू प्वाइन्टको आकारमा समुद्री सतहबाट दुई हजार दुई सय मिटर उचाइमा रहेको केभहिलको पहाडबाट गुर्जा, धवलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रेलगायतका हिमाल एकैठाउँबाट अवलोकन गर्न सकिन्छ । पहाडको थुम्कोबाट मनोरम हिमशृखला र भू-बनोटको अवलोकन गर्न पाउँदा मन प्रफुल्लित भएको केभहिलमा पुग्नुभएका बेनीका सङ्गीता पौडेलले बताउनुभयो । "ठाउँ अत्यन्तै रमाइलो रहेछ, म्याग्दीका धेरैजसो गाउँठाउँसमेत देख्न सकिने, हिमाल आँखै अगाडि उभिएजस्तो देखिने रहेछन्, पैदल र मोटरबाटो सजिलो भैदिए धेरै जना यहाँ आउन पाउने थिए", उहाँले भन्नुभयो ।

केभहिल, डढेकोट र भुमेथानबाट हिमालका चुचुरा, वनजङ्गल, नदीनाला, विविधतायुक्त ग्रामीण भूगोल र बेँसीका तरेली परेका फाँटको मनमोहक दृश्यावलोकन गर्न पाउनु यहाँ पुग्ने पर्यटकका लागि प्रमुख आकर्षणका रूपमा रहेका छन् । पर्यटकीयसँगै धार्मिक र ऐतिहासिक महत्वका हिसाबले समेत गाजने क्षेत्र सम्भावनायुक्त मानिन्छ । तत्कालीन बाइसे-चौबीसे राजाका पालामा तत्कालीन पर्वत राज्यका तृतीय मल्लराजा दिलीप बमले डढेकोटमा दरबार बनाएर शासन सञ्चालन गरेको इतिहासमा उल्लेख छ। गाजनेमा दिलीपबम मल्लले विसं १५५०-६० को समयमा जगन्नाथ मन्दिरसमेत निर्माण गरी नृत्य पूजाआजा गर्न सुरु गरेको मन्दिरसमेत रहेकाले यस क्षेत्र पर्यटकीय, धार्मिक र ऐतिहासिक महत्वले भरिपूर्ण रहेको गाजनेका स्थानीय अगुवा नीलकण्ठ शर्माले बताउनुभयो ।

यो क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न भ्यूटावर निर्माण, ऐतिहासिक जगन्नाथ मन्दिरको पुनःनिर्माण, पदमार्ग निर्माणलगायतका कार्यले सहयोगी भूमिका खेलेको छ । विसं २०६९ मङ्सिर ७ देखि १३ गतेसम्म लगाइएको सप्ताहव्यापी श्रीमद्भागवत् ज्ञान महायज्ञबाट सङ्कलित रु एक करोड आठ लाख रकममध्ये जगन्नाथ मन्दिरको पुनःनिर्माणका लागि रु ४७ लाख ९१ हजार नौ सय ७३ खर्च भएको गुठी व्यवस्थापन समितिका सचिवसमेत रहुनभएका स्थानीय अगुवा शर्माले जानकारी दिनुभयो। मन्दिर शिखरशैली एवं काठमाडौँको पाटन, त्रिपुरेश्वर र भारतको उडिसा राज्यमा अवस्थित कृष्ण तथा जगन्नाथ मन्दिरको आकार र शैलीमा निर्माण गरिएको छ। डढेकोटमा तत्कालीन राजाले बनाएको दरबार भग्नावशेषका रूपमा रहेको छ । यस क्षेत्रमा रहेका धार्मिक, ऐतिहासिक सम्पदा र पर्यटकीय गन्तव्यको विकासका लागि पूर्वाधार निर्माण र प्रचार-प्रसारका लागि पहल गरिएको बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले बताउनुभयो । उहाँले नगरपालिकाबाट केभहिलमा भ्यूटावर निर्माण गरिएको र त्यसलाई थप सुधार गरेर सुरक्षित बनाउन आवश्यक रहेको बताउनुभयो । गाजनेबाट डढेकोटसम्म पदमार्ग निर्माण भएको छ। पुलाचौरबाट नयाँगाउँ हुँदै जगन्नाथसम्म सडक पुहँच पुगेको छ । यो सडकलाई स्तरोन्नति गरी नियमित सहज सवारीआवत जावत गर्ने बनाउनका लागि नगरपालिका र प्रदेश सरकारमा पहल गरिएको छ। बेनीबाट पदमार्गले समेत जोडिएको यो क्षेत्रलाई व्यवस्थित पदमार्ग बनाउन बेनी-अर्थुङ्गे-पुलाश्रम-घतानकोट-ढोलठान-केभहिल-डढेकोट हुँदै पर्यटकीयस्थल टोड्के जोड्ने पदमार्ग निर्माण गर्न सकेमा यो क्षेत्रको पर्यटन विकासले थप सार्थकता पाउने वडाध्यक्ष बानियाँको भनाइ छ। यस क्षेत्रमा जाने पर्यटकलाई लक्षित गरेर गाजनेमा घरबास र सरिबोटको फाँटमा होटल सञ्चालन गर्ने स्थानीयवासीले तयारी गरेका छन् ।

# कर्मचारी अभावले सेवाग्राहीलाई सास्ती

पोखरापत्र संवाददाता
बागलुङ, १४ मंसिर

बडिगाड गाउँपालिका-७ का हर्कबहादुर विक भतिजा मनबहादुर कामीको नागरिकता बनाउन इलाका प्रशासन कार्यालय बुर्तिबाङ धाएको चार दिन भयो। लगातार चार दिनसम्म पनि पालो पाउनुभएको छैन।

बजारमा बस्दा बढी खर्च लाग्ने हुँदा उहाँसहित भतिजा र भाउजु पनि घरदेखिनै आउजाउ गरिरहनुभएको हो । तीन जना बुर्तिबाङ पुगेको एकतर्फी भाडानै रु दुई हजार दुई सय लाग्छ। चार दिनसम्म उहाँहरुले गाडी भाडा मात्रै रु आठ हजार आठ सय खर्च गरिसक्नुभयो । खाना र खाजामा रु चार हजारभन्दा बढी खर्च भयो। एक जना व्यक्तिको नागरिकता बनाउन हजारौँ खर्च हुनुपर्ने बाध्यता हर्कबहादुरको मात्रै होइन इलाका प्रशासन कार्यालय बुर्तिबाङमा सेवा लिन आउने धेरैको छ । दिनभरी लामो लाइनमा बस्ने साँझ परेपछि पालो नपाएर फर्कनेको सङ्ख्या ठूलो सङ्ख्यामा छ । दाईको केही समय अगाडि मृत्यु भएपछि भतिजाको नागरिकता बनाउन आउनुभएका हर्कबहादुरले यस्तो समस्या पहिले बागलुङ पुगेर सेवा दिँदा पनि नपाएको सुनाउनुहुन्छ। "ऋण खोजेर नागरिकता बनाउन आएको हो, चार दिनसम्म धाउँदा ठूलो खर्च भइसकेको छ", विकले भन्नुभयो, "तर काम भने बनेको छैन । चार दिनसम्म पालो कुर्दै बितेको छ ।" एक दिनमै बन्ने नागरिकता बोलिदिने मान्छे कोही नहुँदा बन्न नसकेको उहाँको गुनासो छ । "यतिका दिनभयो, घरमा कामको चटारो छ, यहाँ आउन थालेपछि घर र बारीको केही काम गर्न पाइएको छैन, दिनदिनै हजारौँ रुपैयाँ खर्च भइराखेको छ । काम बन्दैन । पालो कुर्दा कुर्दा दिन बित्छ तर पालो आउन्न", विकले भन्नुभयो, "पहिलो दिननै नागरिकता बन्छ होला भनेर छिमेकीसँग रु पाँच हजार ऋण गरेर आइयो, अब त नागरिकता बन्दासम्म रु २० हजारले पनि नपुग्ने अवस्था भयो ।" विकले भतिजाको नागरिकता बनाउन पाए विदेश पढाउने सोच बनाउनुभएको छ। "नागरिकता बनाइदिन पाए विदेश पठाउन हुन्थ्यो, प्रशासनबाट मङ्लबार बल्ल पालो आउने खबर पाएको छु", उहाँले भन्नुभयो।

ढोरपाटन नगरपालिका-३ पुर्कोटका बुद्धबहादुर गुरुङ श्रीमती पनि नागरिकता बनाउन आएको तीन दिन भयो । तीन दिनसम्म पालो नपाउँदा भारत फर्कन ढिला भएको छ । दुई दशकदेखि भारतमा रोजगार गर्दै आउनुभएका गुरुङले अहिलेसम्म श्रीमतीको नागरिकता बनाउनु भएको थिएन। नागरिकता बनाएर मङ्गलबारनै भारत फर्कने भने पनि अहिलेसम्म बन्न नसकेको गुरुङले गुनासो गर्नुभयो । प्रशासनमा सेवा लिनेको ठूलो भीड हुँदा पालो आए नआएको थाहा पाउन पनि मुस्किलपर्ने उहाँको भनाइ छ। कर्मचारीले आइतबार मात्रै आफ्नो पालो आउने जानकारी गराएको गुरुङले सुनाउनुभयो। गुरुङले भन्नुभयो, "वडा कार्यालयबाट सिफारिस लिएर आएको तीन दिन भयो, गाउँमा त छिट्टै काम हुन्छ भन्थे तर यहाँ आएको तीन दिन बित्यो तर काम बन्ने अत्तोपत्तो छैन, धेरैजसो हामी भारततिरै बस्छौँ, त्यही भएर नागरिकता बनाइएको थिएन, अहिले चाहियो र बनाउन लागेको धेरै ढिला भयो, किन ढिला भयो भनेर सोध्दा काम गर्ने मान्छे छैनन् भन्छन्, आउँदाजाँदा धेरै खर्च भयो, उता (भारत) जान पनि ढिला भइसक्यो ।"

इलाका प्रशासन कार्यालय बुर्तिबाङका प्रमुख लोकबहादुर कुँवरले र कर्मचारी अभावले सेवा प्रवाहमा समस्या भएको बताउनुभयो । कार्यालयमा १० दश जनाको दरबन्दी रहे पनि हाल तीन जनाले मात्रै सेवा दिनु परेको छ। विभिन्न कार्यालयबाट सरुवा भएर आएका कर्मचारी आउँदाकै दिन अन्तै सरुवा हुने हुँदा सेवा प्रवाहमा निकै कठिन भएको कुँवरको भनाइ छ । यहाँबाट नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाता प्रमाणित लगायतका सेवा प्रवाह हुँदै आएको उहाँ बताउनुहुन्छ । कर्मचारी नहुँदा अहिले राहदानीको काम ठप्प भएको कुँवरले बताउनुभयो ।

"हरेक दिन सयौँ सेवाग्राही आएर लाइन बस्नुहुन्छ, सबैलाई सेवा दिएर पठाउने कोसिस गर्छौं तर थोरै कर्मचारीले सबैलाई सेवा दिन निकै गाह्रो हुँदोरहेछ, दिनमा एक सयभन्दा बढीलाई सेवा दिन पनि सकिने अवस्था छैन", उहाँले भन्नुभयो। अहिले नागरिकताको प्रतिलिपि लिने, नागरिकता बनाउन आउनको सङ्ख्या निकै ठूलो रहेको उहाँको भनाइ छ । सरुवा भएर आएका कर्मचारी एक दिन पनि नबस्ने र त्यसको असर सेवाग्राहीलाई सास्ती भएको उहाँले सुनाउनुभयो।